आज मिति २०८० साल कार्तिक १९ गते आइतबारका दिन यस राप्ती गाउँकार्यपालिका का अध्यक्ष श्री प्रकाश विष्टज्युको अध्यक्षतामा तपशिलको उपस्थितिमा गाउँकार्यपालिकाको आ.व.२०८०/८१ को तेस्रो बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रकाश विष्ट | अध्यक्ष | |
| २ | श्री कमलापति चौधरी | उपाध्यक्ष | |
| ३ | श्री गेमे खड्का | गाउँ कार्यपालिका सदस्य | |
| ४ | श्री पहलवान चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| ५ | श्री उमेश अधिकारी | गाउँ कार्यपालिका सदस्य | |
| ६ | श्री विर बहादुर चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| ७ | श्री देव प्रसाद चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| ८ | श्री दिपक कुमार चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| ९ | श्री सिताराम चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर गुरुङ | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री रिम बहादुर सुनारी | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री पार्वती सुवेदी | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री चम्फा भुसाल | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री रण बहादुर पुजाली सार्की | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री गिता चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| १७ | श्री संजिव परियार | गाउँ कार्यपालिका सदस्य | |
| १८ | श्री नेव बहादुर वली | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित:

१- श्री सीता पौडेल रोजगार सहायक

२. श्री विश्वास वि.क. युवा खेलकुद तथा शिक्षा शाखा प्रमुख

३. श्री नारायण राउत स्वास्थ्य शाखा प्रमुख

४. श्री नारायण के. राउत एम.आई.एस अपरेटर

५. श्री तुल बहादुर कुंवर मगर आर्थिक तथा [illegible]

६. श्री दामोदर आचार्य, अधिकृत

## प्रस्तावहरु

१- भुकम्पमा ज्यान गुमाउने प्रति शोक प्रस्ताव र राहत  सम्बन्धमा ।

२- प्लास्टिकमा फुल माला विक्रि वितरण रोक लगाउने सम्बन्धमा ।

३- घुम्ति व्यापारी सम्बन्धमा ।

४- तलबी विदा स्विकृत  गर्ने सम्बन्धमा ।

५- प्रारम्भिक वातावरणीय  प्रतिवेदन सम्बन्धमा ।

६- विविध

मिति २०८०।०७।१९ गते बसेको कार्यापलिका वैठकका निर्णयहरु :

निर्णय नं. १ - २०८० साल कार्तिक २० गते राती जाजरकोट जिल्ला केन्द्रविन्दु बनाएर आएको भुकम्पबाट ज्यान गुमाउने प्रति भाव पुर्ण श्रद्धान्जली अर्पण गर्दै घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गरियो ।

निर्णय नं.२ – भुकम्प प्रभावित जिल्ला जाजरकोट र रुकुम पश्चिममा खर्च हुने गरी राहत स्वरुप गाउँपालिकाको कोषबाट रु १,००,०००/- , राप्ती गाउँपालिका जनप्रतिनिधि, कर्मचारी , शिक्षक र विद्यालय कर्मचारीहरुको १ दिन बराबरको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं.३ - राप्ती गाउँपालिका क्षेत्रभित्र प्लास्टिकमा फुल माला विक्री वितरणमा पुर्ण रुपमा वन्देज लगाउने सम्बन्धमा यस अघि पनि सूचना प्रकाशन भईसकेको र कहि कतैबाट अटेरी गरी विक्रि वितरण गरेको पाईएमा भुक्तान रु १००० जरिवाना सहित आवश्यक कारवाही गर्ने निर्णय गरियो ।

निर्णय नं.४ – घुम्ति व्यापारी लाई दर्ताको प्रकृयामा ल्याउने । दर्ता नगरी व्यापार गर्नेलाई कानुनी कारवाहीमा ल्याउने निर्णय गरियो ।

निर्णय नं.५ – साविक लालमटिया गाविसको नाममा रहेको सार्वजनिक जग्गा खोजी गरी नापजाँच गरी पालिकाको मातहतमा ल्याउने निर्णय गरियो ।

निर्णय नं.६ – राप्ती गाउँपालिकाको स्वास्थ्य संस्था अनुगमन समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

संयोजक - प्रकाश विष्ट
सदस्य – डा भरत पोखेल विज्ञ सदस्य
सदस्य – श्री सरिता भुसाल म.वि.स्वा.से.
सदस्य – श्री गेमे खड्का, वडाध्यक्ष
सदस्य सचिव - श्री नारायण राउत , स्वास्थ्य शाखा प्रमुख

निर्णय नं. ७ – राप्ती गाउँपालिकाको कार्यालयमा प्राविधिक सहायक(कृषि सेवा ) पदमा कार्यरत श्री सिमा भट्ट क. सं. नं. २२७११८ ले सुदुर पश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय अन्तरगत School of Agriculture मा शैक्षिक सत्र २०८०।८१ सालको स्नातक तहमा अतिरिक्त कोटामा विद्यार्थी भर्नाको लागि लिईएको प्रवेश परिक्षा उत्तिर्ण गरी तलवी अध्ययन विदा स्विकृतिका लागि निवेदन दिनुभएकोमा अध्ययन अवधि भर यस कार्यालयबाट तलवी विदा दिने गरी विदा स्विकृति दिन मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्ने र नीजले अध्ययन पुरा गरिसकेपछि ३ बर्ष अनिवार्य रुपमा राप्ती गाउँपालिकामा सेवा प्रदान गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं.८- राप्ती गाउँपालिकाको स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७९ (IEE) वमोजिम गिटिको स्थानमा पुनः परिमाण एकिन गर्नका लागि राप्ती गाउँपालिका प्रस्तावक रही ग्राण्ड रिसर्च सेन्टर काठमाडौ बाट तयार गरी पेश गरिएको "प्राविधिक प्रतिवेदन २०८०" स्विकृत गर्ने निर्णय गरियो ।